# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: info@butwalmun.gov.np


प.सं.०७७/०७८
च.नं ८२१

मिति: २०७८/०२/२८

श्री नगर कार्यपालिकाका सदस्यज्यूहरु सबै
बुटवल उपमहानगरपालिका, नगर कार्यपालिका ।

बिषय:- निर्णयको प्रतिलिपि पठाइएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस बुटवल उप-महानगरपालिका नगरकार्यपालिकाका प्रमुख श्री शिवराज सुवेदीज्यूको अध्यक्षतामा मिति २०७८।०२।२६ गतेका दिनमा बसेको ८० औं नगर कार्यपालिकाको बैठकवाट पारित निर्णयहरु यसै साथ संलग्न राखी जानकारी एवं कार्यान्वयनका लागि पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

शिव नारायण शाह
वरिष्ठ अधिकृत

वोधार्थ
श्री प्रमुखज्यूको सचिवालय, बुटवल उपमहानगरपालिका ।
श्री उपप्रमुखज्यूको सचिवालय, बुटवल उपमहानगरपालिका ।
श्री बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाका महाशाखा प्रमुखहरु सबै
श्री वडा कार्यालयहरु वडा नं.१-१९, सबै
श्री सूचना प्रविधि शाखा: वेभसाइटमा अपलोड गरी दिनु हुन ।

Scanned with CamScanner

बैठक नं.८०

आज मिति २०७८/०२/२६ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको १:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | [signature] |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | [signature] |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | [signature] |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | [signature] |
| ५ | लाल प्रसाद बस्याल | सदस्य | — |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | [signature] |
| ७ | तेज बहादुर सुनार | सदस्य | [signature] |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य. | [signature] |
| ९ | कमल प्रताप थापा | सदस्य | [signature] |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | [signature] |
| ११ | विष्णु बहादुर थापा | सदस्य | [signature] |
| १२ | पदम बहादुर थापा | सदस्य | [signature] |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | [signature] |
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | [signature] |

Scanned with CamScanner

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी बराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | शिव प्रसाद रेग्मी | प्रमुख प्रशासकीय अधिकृत | |
| ३० | कमला प्रसाद श्रेष्ठ | का.वा. उपाध्यक्ष | |

स्ताव नं.८०.१

गत बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

निर्णय नं.८०.१

मिति २०७८/२/१३ मा बसेको नगर कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सन्दर्भमा देहाय बमोजिम समीक्षा गरियो ।

- समपुरक अनुदान अन्तर्गत संचालन हुने आयोजनाहरुको प्रस्ताव तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय, लुम्बिनी प्रदेश, मुकाम बुटवलमा पठाएको !
- स्वास्थ्य तर्फ समायोजन भइ आएका कर्मचारीहरुलाई हाजिरी गराइ सम्बन्धित शाखाबाट काममा परिचालन गरिएको ।
- जली क्षतिग्रस्त भएका सवारी साधन (ट्रयाक्टरहरु) हरुको मरमत प्रकिया अगाडि बढेको ।
- आवधिक आयोजनाको तयारीका लागि निर्दिष्ट ढांचाको फाराम भर्नको लागि सम्बन्धित वडाहरुमा पत्राचार गरिएको ।
- वार्षिक बजेटको तयारीका लागि योजना छनौट गरी पठाउन पारित निर्णय सम्बन्धित वडाहरुमा पठाई सकिएको ।
- अक्सिजन प्लान्टको स्थापनाका लागि निर्णयबाट प्रतिवद्धता जाहेर गरिएको हुँदा क्रमशः कार्यान्वयन हुदै जाने ।
- जोखिम भत्ता उपलब्ध गराउन सुझाव दिने गरी गठित कार्यदलबाट प्रतिवेदन प्राप्त भएको छ ।
- सि सि एम सी बैठकबाट हाल सम्म कार्यान्वयन भएका सबै निर्णयहरु अनुमोदन भैसकेका छन् ।
- जारी निषेधाज्ञाका कारण दैनिक जनजीवन गुजारा गर्न नसकी प्रभावित समूदायहरुलाई राहत वितरण गर्नका लागि कार्यदलको बैठक वसी तयारी भैरहेको ।

प्रस्ताव नं.८०.२

नगर सभाको नवौं अधिवेशनको मिति तोक्ने सम्बन्धमा ।

निर्णय न.८०.२

आगामी आ.व.२०७८/०७९ को वार्षिक बजेट नीति तथा कार्यक्रम पारित गर्ने प्रयोजनका लागि बुटवल उपमहानगरपालिकाको नगर सभाको नवौं अधिवेशन मिति २०७८ साल असार ८ गते दिनको ११.०० बजे उपमहानगरपालिका कार्यालय परिसरमा बस्ने गरी आह्वान गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

प्रस्ताव नं.८०.३

कृषियोग्य भुमि व्यवस्थापन कार्यक्रम संचालन कार्यविधि, २०७८ टेबुल गर्ने सम्बन्धमा ।

निर्णय नं.८०.३

बुटवल उपमहानगरपालिका क्षेत्र भित्र रहेको कुल खेतियोग्य जग्गाको उचित व्यवस्थापनका साथ दिगो कृषि विकास तथा मर्यादित कृषि व्यवसाय संचालन एवं परिचालन गरी कृषि उत्पादनमा बृद्धि गर्ने लक्ष्य सहित तयार भएको कृषियोग्य भुमि व्यवस्थापन कार्यक्रम संचालन कार्यविधि, २०७८ आजको बैठकमा प्रस्तुत भई टेबुल भयो ।

प्रस्ताव नं.८०.४

सुरक्षित आवास सम्बन्धमा ।

निर्णय नं.८०.४

सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा शहरी विकास मन्त्रालयको च.नं.१२०७ मिति २०७७/११/०४, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.३६० मिति २०७७/११/१० को पत्र व्यहोरा र यस बुटवल उपमहानगरपालिकाबाट मिति २०७८/१२/२४ मा श्री संघीय आयोजना कार्यान्वयन इकाई, रुपन्देहीमा पठाएको च.नं.५५९१ को पत्र व्यहोरा समेत आजको बैठकमा जानकारी भयो । निर्दिष्ट ढाचा सम्बन्धित वडा कार्यालयहरुमा पठाइसकिएको हुंदा उक्त ढांचा अनुरुपको विवरण यथाशिघ्र भरि पठाउन निर्देशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.८०.५

BTI मा इन्जिनियरिङ्ग कलेजको स्थापना सम्बन्धमा ।

निर्णय नं.८०.५

सङ्घीय राजधानी पछि बुटवल शिक्षा सेवा केन्द्रको रुपमा स्थापित शहर मानिन्छ । यस शहरमा उच्च शिक्षा हासिल गर्नका लागि करिब ८, ९ जिल्लाहरुबाट विद्यार्थीहरु आउने गर्दछन् । विगत लामो समय देखि प्राविधिक जनशक्ति उत्पादनमा प्रत्यक्ष रुपमा सहभागी हुँदै आएको बुटवल टेक्निकल इन्स्टिच्यूटमा इन्जिनियरिङ्ग कलेजको स्थापना गर्दा अध्ययनमा सहज र दक्ष जनशक्ति उत्पादनमा थप टेवा पुग्ने भनि शिक्षाविदहरुबाट समेत सुझाव आइरहेको र कलेजको स्थापना गर्न मनासिब र नगरको आवश्यकता समेत भएको हुंदा उक्त BTI मा Enginering कलेजको संचालनका लागि आवश्यक पर्ने श्रोतको व्यवस्था यस बुटवल उपमहानगरपालिकाबाट हुने प्रतिबद्धता सहित कलेज स्थापनाका लागि सम्बन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.८०.६

आम्दा अस्पताललाई सिटी अस्पतालको रुपमा विकास गर्ने सम्बन्धमा ।

निर्णय नं.८०.६

Scanned with CamScanner

यस बुटवल उपमहानगरपालिकाको वडा नं.७ मा अवस्थित सिद्धार्थ वाल तथा महिला अस्पताललाई सिटी अस्पतालको रुपमा विकास गर्ने उद्येश्य अनुरुप बुटवल उमपहानगरपालिका मातहत ल्याउनका लागि सङ्घीय सरकार र प्रदेस सरकार लगायतका सम्वन्धित निकायहरुमा सिफारिस साथ अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.८०.७

श्रोतको सुनिश्चिता सम्वन्धमा ।

निर्णय नं.८०.७

कोरोना भाइरस (कोभिड-१९) को तेस्रो भेरियन्टको संभावित जोखिमको रोकथाम एव नियन्त्रणका लागि वटवल उपमहानगरपालिकाको वडा नं.७ मा अवस्थित सिद्धार्थ बाल तथा महिला अस्पतालको भौतिक पूर्वाधार, वेड व्यवस्थापन लगायतका अति आवश्यक कार्यहरुको तयारी गर्न मनासिव हुने भनि मिति २०७८/२/१३ मा बसेको बालरोग विशेषज्ञहरु सहितको समन्वयात्मक बैठकबाट समेत सिफारिस भए बमोजिम हेफर इन्टरनेशनलबाट रु.३३ लाखको श्रोतको सुनिश्चतता भएको हुंदा बुटवल उपमहानगरपालिकाबाट पनि रु.१७ लाख थप गरी रु.५० लाख बराबरको श्रोत नियमानुसार उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं.८०.८

नदीजन्य पदार्थ सम्वन्धमा ।

निर्णय नं.८०.८

निर्णय नं.: नदीजन्य पदार्थ सम्वन्धमा :

चालु आ.व.२०७७।०७८ मा यस कार्यालयवाट नदीजन्य पदार्थको आय ठेक्का व्यवस्थापनका सम्वन्धमा हाल सम्मको अवस्थाको वारेमा विस्तृत विवरण जानकारी भयो । आय ठेक्का नं. १२।०७७।०७८ को सम्झौता एंवं कार्यादेश बमोजिमको उत्खनन् तथा संकलन सम्बन्धी कार्य सम्पन्न भएको हुदाँ आजै देखि उत्खनन् कार्य बन्द गराउने गरी पत्राचार भएको जानकारी भयो ।

आय ठेक्का नं.११।०७७।०७८ का सम्बन्धमा ठेकेदार कम्पनीले संभौता वखत जम्मा गर्नु पर्ने ५० प्रतिशतले हुने रकम कोभिड-१९ को संक्रमण र निषेधाज्ञाका कारण उत्पन्न असहज परिस्थितिले गर्दा जम्मा गर्न नसकी आंशिक रकम जम्मा गरेको कारण कार्यालयमा निजले पेश गरेको बैक जमानत र नगद समेतले खाम्ने हुदाँ IEE प्रतिवेदनमा उल्लेखित पहिलो प्याकेजको मात्र कार्यादेश दिई बाकी अपुग रकम जम्मा भए पछि मात्र बाकी परिमाण (दास्रो र तेस्रो प्याकेज)को मात्र उत्खनन् अनुमति दिने गरी कार्यादेश दिईएको कार्यादेश बमोजिमको उत्खनन् र संकलनको काम सम्पन्न भई उक्त प्याकेजको उत्खनन् गर्ने काम समेत वन्द भएको व्यहोरा जानकारी भयो । उक्त ठेक्का अर्न्तगतको दोस्रो र तेस्रो प्याकेजको कार्यादेश लिने दिने सम्बन्धमा कार्यालयवाट थप रकम जम्मा गरी कार्यादेश लिन आउन सम्बन्धित ठेकदारलाई पत्राचार गरिएकोमा कोभिड-१९ को संक्रमण र जारी निषेधाज्ञाका कारण थप रकम तत्काल जम्मा गर्न नसकेको र पहिलो प्याकेज अर्न्तगत संकलित नदीजन्य पदार्थलाई जमानत स्वीकार गर्न र ठेक्का सम्झौताको कार्यादेश पूर्व नै दोस्रो प्याकेजको नदीजन्य पदार्थको अवैध उत्खनन्

Scanned with CamScanner

भएको हुदाँ त्यसरी अवैध उत्खनन् भएको परिमाण एकिन गरी कुल ठेक्का अंकमा घटाएमा मात्र दोस्रो र तेस्रो प्याकेजको कार्यादेश लिने शर्त सहितको विभिन्न निवेदन पेश गरेको सम्बन्धमा अवैध उत्खननका विषयमा कार्यपालिकाबाट निर्णय भए बमोजिम गर्ने गरी अपुग रकम जम्मा गरि थप कार्यादेश लिन आउन पत्राचार गरिएको समेतको व्यहोरा बैठकमा जानकारी भयो । तसर्थ उल्लेखित पृष्ठभुमि समेतको आधारमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) बुटवल उपमहानगरपालिका वडा नं.१७ ,ठेक्का नं ११।०७७।०७८ हरिहरपुरघाटबाट र वडा नं.१८ ठेक्का नं.१२।०७७।०७८ धन्दापुरघाटबाट गरिएको ठेक्का व्यवस्थापनका सम्बन्धमा कोभिड-१९ को संक्रमण र जारी निषेधाज्ञाको कारण उत्पन्न असहज परिस्थितिकै बीचमा आय ठेक्का व्यवस्थापन भएको । असहज परिस्थितिमा प्रभावकारी अनुगमन र निगरान व्यवस्थित हुन नसक्दा विभिन्न संचार माध्यम तथा सामाजिक संजालमा नदी दोहन भएको भनी टिका टिप्पणी भईरहेको र यतिखेर सबै जनप्रतिनिधि कर्मचारीहरुको ध्यान कोभिड-१९ को रोकथाम नियन्त्रण र व्यवस्थापन तर्फ केन्द्रित भएको अवस्थाले गर्दा नियमित अनुगमन र नियमन हुन नसक्ने अवस्था समेतलाई मध्यनजर राखि म्याद थप गरी थप कार्यादेश नदिन र उत्खनन् भएको परिमाणको एकिन मूल्यांकन गरी सोही बमोजिम ठेक्का सम्झौता अन्त्य गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(ख) ठेक्का नं ११।०७७।०७८ हरिहरपुरघाट अर्न्तगतको दोस्रो प्याकेजमा अवैध उत्खनन् भएको भनी प्राविधिकबाट प्राप्त प्रतिवेदन बमोजिमको २०६५४६.७६ घनफुट परिमाण नदीजन्य पदार्थको अनुसन्धान गरी उत्खनन् गर्ने उपर कडा कारवाही र क्षतिपूर्ति भराउनका लागि सम्बन्धित निकायमा लेखि पठाउने ।

(ग) ठेक्का व्यवस्थापन बाहेकका विभिन्न राष्ट्रिय गौरव,प्रदेश स्तरीय र स्थानीय आयोजनाहरुलाई नदीजन्य पदार्थ उपलब्ध गराउने गरी दिएको उत्खनन् अनुमति समेत बढीमा ३ दिन भित्र उत्खनन् कार्य गर्ने र सो समय पश्चात रोक्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं.८०.९

यस बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको खरिदार (सहायक स्तर चौथो तह) पदमा कार्यरत श्री शेषराज बास्तोला मिति २०७८/२/२० गतेका दिन ५३ वर्षको उमेरमा कोरोना भाइरसका कारण दिवंगत हुनु भएको हुंदा मृत आत्माको चिरशान्तिको लागि भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनहरु प्रति यो कार्यपालिका बैठक समवेदना प्रकट गर्दछ ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।

Scanned with CamScanner